# विद्युत नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)


पत्र संख्या: २०८२/०८३

चलानी नं: १९२०

मिति: २०८३/०१/१०

नेपाल संवत: ११४६

श्री अरुण काबेली पावर लिमिटेड,

थापाथली, काठमाडौं।

सम्पर्क नं: ९८६८९२४४५५

**विषय: हकप्रद शेयर निष्कासन गर्न पुर्व-स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ कम्पनीबाट चुक्ता पूँजी रु. ३,८९,५९,४२,१००/- को १:०.५ अनुपातले हुन आउने रु. १,९४,७९,७१,०५०/- बराबरको हकप्रद शेयर निष्कासन गर्न पूर्व-स्वीकृतिका लागि प्राप्त भएको निवेदनको सम्बन्धमा आयोगको मिति २०८३/०१/०३ को ३०७ औ बैठकमा छलफल हुँदा रु. १०० करोड काबेली बी-१ जलविद्युत आयोजना निर्माण गर्दा लिएको ऋण भुक्तानी गर्ने तथा रु. ९४.७९ करोड ३७.६ मे.वा. क्षमताको काबेली ए जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनी काबेली इनर्जी लिमिटेडमा लगानी गर्ने गरी हाल कायम चुक्ता पूँजी रु. ३,८९,५९,४२,१००/- को १:०.५ अनुपातले हुन आउने रु. १,९४,७९,७१,०५०/- बराबरको हकप्रद शेयर निष्कासन गर्न ***विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्व-स्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ९*** बमोजिम तपशिलका शर्त सहित पूर्व-स्वीकृति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०८३/०१/०३ को ३०७ औ बैठकको निर्णयानुसार अनुरोध छ।

**सर्तहरू:**

१. *हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम रु. १९४.४९ करोड मध्ये रु. १०० करोड काबेली बी-१ जलविद्युत आयोजना निर्माण गर्दा लिएको ऋण भुक्तानी गर्न प्रयोग गर्ने तथा रु. ९४.७९ करोड ३७.६ मे.वा. क्षमताको काबेली ए जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनी काबेली इनर्जी लिमिटेडमा लगानी गर्ने प्रयोजनमा प्रयोग गरी सोको पन्ध्र दिनभित्र पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ।*

२. *प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।*

३. *प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ।*

४. *तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ।* क्वेके

५. *आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।*


**विद्युत नियमन आयोग**

काठमाडौं, नेपाल

इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np

फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स: +९७७-१-४४३२५८२

६. हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।

७. अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम रु. १९४.४९ करोड मध्ये रु. १०० करोड काबेली बी-१ जलविद्युत आयोजना निर्माण गर्दा लिएको ऋण भुक्तानी गर्न प्रयोग गर्ने तथा रु. ९४.७९ करोड ३७.६ मे.वा. क्षमताको काबेली ए जलविद्युत आयोजनाको प्रवर्द्धक कम्पनी काबेली इनर्जी लिमिटेडमा लगानी गर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।

(विशाल श्रेष्ठ)
इन्जिनियर

**बोधार्थ:**
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।